# जातीय समानता प्रवर्द्धनका निम्ति
# विद्यमान र योजनाबद्ध उपायहरू

## हङकङ प्रहरी बल

हङकङ प्रहरी बल (HKPF) जातीय समानता, निष्पक्षता र सम्मान प्रवर्द्धनका निम्ति प्रतिबद्ध छ। गुणस्तरीय सेवाहरू प्रदान गर्नका निम्ति, हामीले सर्वसाधारणहरुका जातीय पृष्ठभूमिको बावजूद उनीहरुसँग गर्ने व्यवहार निष्पक्ष रहोस् भनी सुनिश्चित गर्नका निम्ति हामीले हाम्रा नीतिहरूको प्रभावको मूल्याङ्कन गर्नेछौं।

### क. सर्वसाधारणहरूसँग व्यवहार गर्दा

**सेवा सम्बन्धित**

- सर्वसाधारणहरुसँग गरिने सबै व्यवहारहरुमा जातीय समानता भएको सुनिश्चित गर्न।

**विद्यमान उपायहरु**

- HKPF ले 13 प्रहरी जिल्लाहरूमा प्रहरी सामुदायिक सम्पर्क सहायक (PCLA) योजना लागू गरेको छ। यी PCLAहरू उर्दू, थाई वा हिन्दी जस्ता विदेशी भाषाहरूमा दक्ष छन्। PCLA हरूले प्रहरी जिल्लाहरूलाई समुदायको विभिन्न जातिका व्यक्तिहरुसँग पारस्परिक हितका मामिलामा संलग्नता बढाउन मद्दत गर्दछ।

- प्रहरीसंग सम्पर्कमा आउने  विभिन्न जातिका मानिसहरूले बोल्ने भाषा पहिचान गर्न मद्दत गर्नको लागि सबै प्रहरी रिपोर्ट रुमहरूमा सिंहला, तागालोग, तमिल, उर्दू, बंगाली आदि लगायतका 25 भाषाहरू भएका एक भाषा चिनाउने पोस्टर उपलब्ध गराइएको छ।

- हिरासतमा रहेका विभिन्न जातिका मानिसहरूले उनीहरूलाई असर गर्न सक्ने सम्बन्धित प्रहरी नीतिहरू बुझ्न सकून् भन्ने सुनिश्चित गर्न प्रहरीले  प्रहरी हिरासतमा भएका व्यक्तिहरूलाई उपलब्ध गराउने फारम र सूचनाहरूलाई ('हिरासतमा हुदा गरिने खानतलासी सम्बन्धि फारम', 'प्रहरी हिरासतमा रहेका वा प्रहरी अनुसन्धानमा संलग्न व्यक्तिहरूका निम्ति सूचना', 'पक्राउ र नजरबन्द निर्देशन' र ' प्रहरी हिरासतमा रहदा गरिने व्यवहार र शर्तहरु' लगायतका) 25 भाषाहरूमा लिखित रूपमा अनुवाद गरेको छ।

- प्रहरी हिरासतमा रहेका विभिन्न जातिका मानिसहरूको धार्मिक आवश्यकताहरू पूरा गर्नको निम्ति विशेष उपायहरू उपलब्ध गराइएका छन्, जस्तै धार्मिक ग्रन्थहरूको, प्रार्थनाको लागि दिशात्मक संकेत र विशेष प्रकारको आहारकोआवश्यकताहरूको प्रावधान ।

**भविष्यको कार्य मूल्याङ्कन**

- HKPF ले समय समयमा सेवाहरूको समीक्षा गर्नेछ र आवश्यक भएमा सुधार गर्नेछ।

| | |
|---|---|
| अपनाइएका / अपनाउनु पर्ने थप उपायहरू | • नोभेम्बर २०१६ देखि, एचकेपिएफ ले गृह विभाग द्वारा वित्त पोषित एउटा संस्था सँग युक्त भएर कार्य गरेको छ र "ट्रान्सलिन्क" नामक परियोजना कार्यान्वयन गरेको छ। परियोजना अन्तर्गत, प्रहरी रिपोर्ट कोठाहरू मा उर्दू, नेपाली, पञ्जाबी, हिन्दी, बहासा इन्डोनेसियाली, थाई, तागालोग र भियतनामी गरी आठ सामान्य गैर-जातीय चिनियाँ भाषाहरूमा तत्काल टेलिफोन को माध्यम बाट व्याख्या सेवाहरू प्रदान गरिन्छ। अप्रेल २०२५ देखि सेवाको दायरा विस्तार गरिएको छ, "ट्रान्सलिन्क २.०" फोर्सव्यापी रूपमा लागू गरिएको छ जसले सबै पोशाकधारी अधिकारीहरूलाई फोर्स स्मार्ट उपकरणको साथ गस्ती मा भएको समय मा वा गैर-जातीय चिनियाँ (एनईसि) सम्बन्धी घटनाहरू सम्हालने काम गर्नु पर्दा यो सेवा प्रयोग गर्न अनुमति दिईएको छ ।<br><br>• HKPF ले विभिन्न जातिका मानिसहरूको आवश्यकतालाई निरन्तर रुपमा ध्यानमा राख्नेछ र जातीय पृष्ठभूमिको परवाह नगरी सर्वसाधारणहरूलाई समान रूपमा सबै सेवाहरू उपलब्ध गराएको सुनिश्चित गर्न आवश्यक उपायहरू अपनाउने छ। |

| | |
|---|---|
| **ख.** | **रोजगारीको अवसर** |
| सेवा सम्बन्धित | • HKPF को रोजगारीका लागि सबै आवेदकहरूलाई समान रोजगार अवसर प्रदान गर्न। |
| विद्यमान उपायहरू | • आधारभूत प्रवेश आवश्यकताहरू पूरा गर्ने सबै आवेदकहरूका लागि HKPF को रोजगार सम्बन्धि रिक्त पदहरु खुला गराएकोछ।<br><br>• प्रहरी भर्तीको लागि, HKPF ले प्रहरी जवान (PC) को भर्तीको लागि प्रयोगात्मक घटना सम्हाल्ने जांचलाई परिमार्जन गरेको छ, जसमा उम्मेद्वारहरूले प्रहरी कार्यहरूको नक्कल गरिएको परिस्थितिहरूमा अंग्रेजी र चिनियाँ दुवै भाषा लेख्न आवश्यक हुनेछ। विदेशी भाषा सीप भएका उम्मेद्वारहरूलाई थप अंक दिइनेछ, जसको छनोट प्रक्रियाको क्रममा दोभाषेको सहयोगले लिखित र मौखिक दक्षताको जांच गरिनेछ।<br><br>• भर्ती महाशाखाले 'गैर चिनियाँ जातीय (NEC) सिफारिश प्रणाली' पनि ल्याएको छ। प्रहरी भर्ती छनोट प्रक्रियामा असफल भएका विविध जातिका आवेदकहरूलाई उपयुक्त भएमा उनीहरूको सहमतिमा प्रहरी जिल्लाका सामुदायिक संलग्नता परियोजनाहरूमा सिफारिस गरिनेछ। सिफारिस गर्नको उद्देश्य भने उनीहरूलाई चिनियाँ भाषामा दक्ष बनाउनु र अन्तर्वार्ताको लागि तयारी गराउनु हो जसले गर्दा उनीहरू भविष्यका भर्ती मूल्याङ्कनका लागि अझ राम्ररी तयार रहोस्।<br><br>HKPF ले छनौट प्रक्रियामा प्रहरी जवान भर्ती सम्बन्धी लिखित परीक्षा (RPC WE) को सुरुआत गरेकोछ। RPC WE उतीर्ण गरेका आवेदकहरुले प्रहरी जवान सम्बन्धी कार्यका लागि आवश्यक भाषा दक्षता पुरा गरेको मानिनेछ र RPC आवेदकहरुका लागि नतिजालाई स्थायी मान्यता दिइनेछ। RPC WE ले आवेदकहरुलाई आवश्यक भाषा दक्षता पुरा गर्न बैकल्पिक तरीका अपनाउन दिइनेछ। |

| | | |
|---|---|---|
| भविष्यको कार्य मूल्याङ्कन | • | HKPF ले विद्यमान उपायहरू कार्यान्वयन गर्न जारी राख्नेछ। |
| अपनाइएका/ अपनाउनु पर्ने थप उपायहरू | • | HKPF ले शैक्षिक संस्थाहरू, गैर-सरकारी संस्थाहरू (NGOs) र विद्यालयहरू लगायत विभिन्न जातिका विद्यार्थीहरूसँग साझेदारीमा काम गरी विद्यार्थीहरूलाई HKPF मा सामेल हुन प्रोत्साहन गर्नेछ। |

## ग. कर्मचारी तालिम

| | | |
|---|---|---|
| सेवा सम्बन्धित | • | जातीय संवेदनशीलता र जातीय समानताको बुझाइ सम्बन्धी अधिकारीहरूको चेतना बढाउन। |
| विद्यमान उपायहरू | • | सबै अधिकारीहरूलाई जातीय भेदभाव अध्यादेशको विषयवस्तु बारे र जातीय समानता सम्बन्धी दिशानिर्देशहरू बारे पुलिस कलेजमा आधारभूत र सेवाकालीन प्रशिक्षणको क्रममा तालिम दिइन्छ। |
| | • | विभिन्न जातिका व्यक्तिहरुका भाषा र संस्कृतिहरुका बारेको अधिकारीहरूको बुझाई र चेतना अभिवृद्धि गर्न उनीहरुको लागि समय-समयमा कार्यशाला, गोष्ठी र अनुभव साझेदारी सत्रहरू प्रदान गरिन्छ। |
| भविष्यको कार्य मूल्याङ्कन अपनाइएका/ अपनाउनु पर्ने थप उपायहरू | • | HKPF ले अधिकारीहरूका लागि जातीय समानताका बारे उपयुक्त तालिमको व्यवस्था गर्न अन्य सरकारी विभागहरू र गैरसरकारी संस्थाहरूसँग सम्पर्क गर्नेछ। |
| | • | विद्यमान तालिम कार्यक्रमलाई निरन्तरता दिइनेछ। |
| | • | तालिम कार्यक्रमहरूको विषयवस्तुलाई समृद्ध बनाउन अधिकारीहरू, अन्य सरकारी विभागहरू र गैरसरकारी संस्थाहरूबाट प्रतिक्रिया र टिप्पणीहरू सङ्कलन गरिनेछ। |

जातीय समानताको प्रवर्द्धन गर्न विद्यमान र योजनाबद्ध उपायहरूको बारेमा सोधपुछको लागि, कृपया पुलिस रिपोर्ट रुममा रहेका कर्मचारीलाई सम्पर्क गर्नुहोस्, जहाँ चौबीसै घण्टा सेवा प्रदान गरिनेछ। रिपोर्ट रुमहरूको जानकारी तलको लिङ्कबाट पाउन सकिन्छ:

http://www.police.gov.hk/ppp_en/contact_us.html

प्रहरी हटलाइन 2527 7177 मार्फत पनि माथिका उपायहरू बारे सोधपुछ गर्न सकिनेछ।

**हङकङ प्रहरी बल**
**मे 2025**